


# सिमान्तकृत समुदायको सशक्तिकरणमा सामाजिक परिवार

समग्र बुलेटिन

| अंक - २ | आश्विन २०६६ | पेज १ |
|---|---|---|


## सामाजिक लेखाजोखा कार्यक्रम सम्पन्न

यस संस्थाको आयोजना तथा *जिल्ला सामाजिक परिवार*को व्यवस्थापनमा भाद्र महिनामा ३ वटा सामाजिक लेखाजोखा कार्यक्रम सम्पन्न भए । सप्तरीको राजविराज, उदयपुरको गाईघाट र सिरहाको लहानमा सम्पन्न भएको उक्त लेखाजोखा कार्यक्रममा सरोकारवालाहरु सामाजिक परिवार, सहकारी संस्था, संवन्धित जिल्ला स्थित सरकारी तथा गैरसरकारी निकाय, नागरिक समाज तथा राजनैतिक दलका प्रतिनीधिहरु गरी ३४४ जनाको उपस्थिती थियो । जसमा महिलाको संख्या १८५ जना थियो ।



समग्रले विगतमा गरेको र यस वर्ष संचालन गर्ने कार्यक्रम, सो अनुसारको क्रियाकलापहरु, वजेट, कार्यक्रमको प्रभाव, उपलव्धी आदि विवरणहरु सार्वजनिक गर्ने, सोवारे सरोकारवाला सवै पक्षहरुसँग समिक्षा गर्ने, गुनासाहरु सुन्ने, मूल्याँकन गर्ने, आवश्यक राय सुझाव लिने, पारदर्शिता र उत्तरदायित्व वहन गर्ने आदि उद्देश्यका साथ संचालन गरिएको उक्त कार्यक्रम जिल्लाकै पहिलो भएको सहभागीहरुको प्रतिक्रिया थियो । संबन्धित जिल्लाका जिल्ला सामाजिक परिवारका अध्यक्षहरु क्रमश: पतिराम सदा (सप्तरी), फौद वहादुर दाहाल (उदयपुर) र अशेश्वर मण्डल (सिरहा) को सभापतित्वमा संचालन भएको उक्त कार्यक्रममा समग्रले विगत वर्षमा ती जिल्लाहरुमा संचालन गरेको दलित जनजाती सशक्तिकरण अभियान, त्यसका उद्देश्य, आशा गरिएका प्रतिफलहरु, संचालन भएका क्रियाकलापहरु, कार्यक्रमका प्रभावहरु, उपलव्धीहरु, खर्च रकम आदिको वारेमा जानाकारी गराइयो । त्यसै गरी यस आ.व.मा संचालन हुने सिमान्तकृत समुदायको सशक्तिकरण अभियान, त्यस अन्तर्गत संचालन हुने क्रियाकलापहरु, वजेट, समग्रको ५ वर्षे साझेदारी तयनीतिक कार्ययोजना आदिको वारेमा पनि सहभागीहरुलाई जानाकारी गराइयो । सहभागीहरुले समग्रको काम गर्ने शैली राम्रो भएको, थोरै खर्चले धेरै उपलव्धीहरु हासिल गरेको विचार व्यक्त गरेका थिए । उनीहरुको सुझाव थियो- "समग्रले आफ्नो कार्यक्षेत्र विस्तार गर्नुपर्ने, जनशक्ति तथा बजेट बढाउनु पर्ने, अधिकारमुखी विकासको साथसाथै दीगो जीविकोपार्जनका कार्यक्रमहरु संचालन गर्नुपर्ने, आदि ।"







यस कार्यक्रमका केही सहभागीहरुको भनाई यस्तो थियो : "समग्रले सामाजिक लेखाजोखा कार्यक्रम राखेर संस्थागत इमान्दारीता र पारदर्शिताको अभ्यास गरेको छ जसले गर्दा अन्य संघ/संस्थाहरुलाई यसले पाठ पनि सिकाएको छ। समग्रले सबै समुदायको हकहितको लागि सबैलाई एकजुट वनाउने प्रयास पनि गरेको छ । कानुनी अप्ठ्यारा आयो भने म सहयोगको लागि तयार छु ।" - मुकुन्द प्रसाद अधिकारी, सरकारी अधिवक्ता, सिरहा । "समग्रले भूत र भविष्यको कार्यक्रम प्रस्तुत गरेर आफ्नो इमान्दारीताको भूमिका निर्वाह गरेको छ सिमान्तकृत वर्गको मानव अधिकार संरक्षण/संवद्धन गर्ने र सशक्तिकरण गर्ने कार्य महत्वपूर्ण छ । समग्र संस्थासंग म पूर्ण परिचित छु । यसले धेरै राम्रा लोकप्रीय कार्यक्रम गर्दैआएको छ । भावी कार्य सफलताको लागि शुभ-कामना दिन चाहन्छु । " - राज कुमार राउत, वरिष्ठ मानव अधिकारवादी, सिरहा । " सवै संस्थाहरुले समग्रले जस्तै पारदर्शिरुपमा काम गर्ने हो भने गैरसरकारी संस्थामाथि कसैले औला ठड्याउन सक्नेछैन । समग्रले हामी महिलाहरुको क्षमता अभिवृद्धि गर्ने कार्यमा ठूलो सहयोग पुराएकोछ । महिलाहरुले आफ्नो हक अधिकार लडेर लिनु पर्दछ भन्ने सिक्न पाएकाछौ ।"- सरस्वती साह, समाज वादी दलकी नेत्री, सप्तरी ।

## समग्रको ३० औं साधारण सभा आश्विन २३ मा हुने

समग्र विकास सेवा केन्द्रको ३० औं साधारण सभा यही आश्विन २३ गते शुक्रवार चावहिल काठमाण्डौमा बिहान ९:०० बजेदेखि हुने भएको छ । यस साधारण सभाले समग्रको वार्षिक प्रगति प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन र भावी कार्यक्रम तथा बजेट छलफल गरी पारित गर्ने लगायतका नियमित कार्यहरुको साथै आगामी दुइ वर्षको लागि नयाँ कार्यसमिति निर्वाचन गर्नेछ ।

**सामाजिक परिवार मार्फत सशक्त दलित के भन्छन् ?**

मेरो नाम **दुर्गा बहादुर सार्की** हो, मेरो घर उदयपुर ५, हडियामा पर्दछ । पहिले म गा.वि.स. स्तरमासम्म पनि कसैले नचिन्ने मान्छे र कुनै संघ संस्थामा आवद्ध नभएको । तर हाल जनजागरण सामाजिक परिवारको अध्यक्ष, समग्र बिकास सेवा केन्द्रको साधारण सदस्यसम्म बन्न पुगेको छु र गा.वि.स.देखि जिल्ला स्तरसम्म सबैले चिन्छन् र कार्यक्रमहरुमा बोलाउने गर्छन् । समग्र बिकास सेवा केन्द्रले यहाँ २०५३ सालदेखि कार्यक्रम संचालन गरेको थियो । त्यतिबेला आय आर्जनको मात्र काम गर्दै आएको थियो र २०६२ सालदेखि दलित जनजाती सशक्तिकरण अभियान संचालन भएपछि समग्रले चालाएको गोष्ठि, तालिममा भाग लिंदै आएँ । मानव अधिकारको तालिम पाएपछि हामी अहिले गा.वि.स. र जिल्लामा आफ्नो समस्या राख्ने र हक अधिकार खोज्न सक्ने भएका छौं । दलित भनेर पहिले कार्यालयहरुमा आदर गर्दैनथे तर अहिले राम्रो व्यवहार गर्छन् । आफ्नो काम आफै गर्नुपर्दछ भन्ने उद्देश्यले पसल खोलेर जीविकोपार्जन गर्दै दलित मुक्तिका लागि समाजमा चेतना फैलाईरहेको छु ।



## भाद्र महिनाभरी सञ्चालित/सम्पन्न केही गतिविधिहरु:

**१. जनशक्ति पदपुर्ति:** यस संस्थाको केन्द्रीय कार्यालयमा रिक्त रहन गएको म्यासेन्जर -१ र लेखा अधिकृत -१ तथा सिराहा जिल्ला कार्यालयमा रिक्त भएको बरिष्ठ उत्प्रेरक - १ को लागि खुल्ला प्रतिस्प्रधाद्वारा क्रमश: निम्नानुसारका व्यक्तिहरु छनौट गरी पदपूर्ती गरिएको छ: (क) रोशनी विश्वकर्मा, (ख) भुवनेश्वर सिँह र (ग) श्याम प्रसाद महतो । कर्मचारी छनौट गर्दा समावेशी हुनेगरी छनौट गर्ने समग्रको नीति अनुरुप उहाँहरु दलित महिला तथा मधेशी समुदायबाट प्रतिनिधित्व गर्नुहुन्छ । हाल समग्रका कर्मचारीहरुमध्ये २५ प्रतिशत महिला, १७ प्रतिशत दलित, ३३ प्रतिशत आदिवासी जनजाती र ३३ प्रतिशत मधेसी रहेका छन् ।

**२. सम्पन्न भएका अन्य नियमित कृयाकलापहरु:**

| | क्रियाकलाप | कार्यक्रमसंख्या | स्थान | सहभागी संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| १.१ | स्थानीय तहमा मानव अधिकारको अनुगमन | ३ | पिप्रा पश्चिम, सप्तरी | ३० | १७ | ४७ |
| | | | मौवाही, सिरहा | २२ | १३ | ३५ |
| | | | छोप्राक, गोरखा | २४ | ३ | २७ |
| १.३ | जातीय विभेद र अन्य प्रकारका मानव अधिकार उल्लङ्घन विरुद्ध जनचेतना अभियान | १ | गोदार, धनुषा | ८९ | २ | ९१ |
| १.४ | सामाजिक लेखा जोखा / सार्वजनिक सुनवाई | ३ | राजविराज, सप्तरी | ६६ | ६९ | १३५ |
| | | | गाईघाट, उदयपुर | ६७ | २७ | ९४ |
| | | | लहान, सिरहा | ५२ | ६३ | ११५ |
| २.२ | कार्यक्रम पूर्व अध्ययन | ५ | वसाहा, उदयपुर | | | |
| | | | उत्तरकव्या, लमजुङ्ग | १८ | ०९ | २७ |
| | | | गुम्दी, धादिङ्ग (३) | ४६ | ३६ | ९२ |
| | | | सत्यदेवी, धादिङ्ग | १२ | २ | १४ |
| २.६ | मानव अधिकार, द्वन्द व्यवस्थापन, संस्थागत विकास, असल शासन लगायत विषयहरुमा सामाजिक परिवार स्तरको अभिमूखिकरण | ३ | कुम्पुर धादिङ्ग | १७ | १ | १८ |
| | | | भेडिया, सप्तरी | ३३ | १४ | ४७ |
| | | | हडिया, उदयपुर | १९ | १५ | ३४ |
| | | | लहान, सिरहा | १८ | २४ | ४२ |
| २.१० | समन्वय / संजाल स्थापना / माग पत्र पेश / लविङ्ग भ्रमण | ४ | कुम्पुर धादिङ्ग | २७ | २ | २९ |
| | | | वेशीशहर, लमजुङ्ग | ०४ | १८ | २२ |
| | | | गोरखावजार, गोरखा | १४ | २५ | ३९ |
| ३.१ | अन्तरजातीय मिलान / द्वन्द व्यवस्थापन कार्य | २ | थाके, धादिङ्ग | १९ | ०४ | २३ |
| | | | गजुरी धादिङ्ग | ०६ | ०३ | ०९ |

३. यस महिनामा सामाजिक परिवारको सक्रियतामा दावी गरी प्राप्त भएका अधिकार/श्रोतहरु:

| विवरण | धादिंग | गोरखा | लम्जुंग | सप्तरी | सिराहा | उदयपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| व्यक्तिगत घटना दर्ता | १ | १ | | ६ | ५ | | १३ |
| नागरिकता प्र.प. प्राप्ती | १ | | | २ | ५ | | ८ |
| छात्रबृति पाउने बच्चाको संख्या | | २ | | | १३४ | १ | १३७ |
| बृद्ध, असहाय, विधवा भत्ता पाउने | | २ | | | ५ | ११ | १८ |
| नेतृत्व तहमा पुग्ने | | | | २ | १ | ७ | १० |
| शीपमूलक तालिम प्राप्त गर्नेको संख्या | ३५<br>रु २७००० बराबरको | | | | | | ३५<br>रु २७००० बराबरको |
| पूर्वाधार निर्माण/सुधार र वातावरण सम्बन्धि कार्यको लागि (रकम रु मा) | २५०,००० | ४३५,००० | | | १,००,००० | २१,४५,००० | २९,३०,००० |
| सामाजिक परिवार( सा.प.)को सरकारी निकाय र नागरिक समाजका प्रतिनिधिहरुसँग अन्तरक्रिया | | | २ | १ | १ | १ | ५ |
| सा.प.मा मानव अधिकार सम्बन्धि तालिम लिनेको संख्या | | | | ३६ | १९ | | ५५ |
| जीविकोपार्जन /जीवनस्तर बृद्धिसँग सम्बन्धित सामग्री प्राप्त गरी लाभान्वित हुनेको संख्या | ३३<br>रु १००० बराबरको | | | ५०<br>रु २०००० बराबरको | | | ८३<br>रु ३०००० बराबरको |

## समग्रको कार्यको बारेमा सरोकारवालाहरु के भन्छन् ?

**काजीराम रोका, उत्पीडित दलित तथा अनुसन्धान केन्द्र, गोरखा** : हालसम्म विभिन्न संस्थाले दलितको उत्थानको निमित्त कार्यक्रम संचालन गरेकोमा निर्माण गरेको समुहहरुमा उपल्लो जातको नै नेतृत्व रहेका पाइन्छ तर समग्रले स्थापना गरेको सा.प.को नेतृत्वमा भने दलित र जनजाति मात्र पाइन्छ । त्यसकारण दलितको मुक्तिका निमित्त समग्रको कार्यशैली सरानीय छ ।

**अमृत कुमार मास्के, पशुसेवा अधिकृत, लमुजुङ्ग:** हामीले समग्र संग मिलेर हिलेटक्सारमा वाखा पैचो कार्यक्रम गर्दै आएका छौ जुन हाम्रो अनुसन्धानमा अन्य क्षेत्रको भन्दा प्रभावकारी रहेको छ। त्यसकारण अन्य संघ संस्थाले समग्रले गरेको कार्यक्रमको क्षेत्रमा जाँदा समग्रको सहयोग लिई गएमा वढी प्रभावकारी रहन्छ।

**लोचन चौधरी, एमाले नेता, सप्तरी:** समग्रले धेरै पहिले देखि हाम्रो जिल्लामा राम्रो काम गर्दै आईरहेकोछ। सिमान्तकृत समुदाय सशक्तिकरण अभियानले दलित, महिला तथा गरिववर्गहरुको उत्थानमा ठूलो सहयोग पुगेकोछ। समग्रले कार्यक्षेत्र विस्तार गरी अधिकारमुखी कार्यकमको साथ साथै आय आर्जनको कार्यकम पनि संचालन गर्नुपर्दछ।

सम्पर्कको लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,** हस्पिटल मार्ग, चावहिल, पो.व. नं. - १३२७८, काठमाण्डौ,

फोन नं. ४४६९६४९, इमेल: **samagra@mcmail.com.np**, वेभसाइट: **www.samagra-nepal.org**